फोन नं.:०४७-५२०१२४

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

वागमती प्रदेश, सिन्धुलीमाडी, सिन्धुली

प.सं.: २०७७/७८

च.नं.

कार्यालय प्रमुख

## सूचना !

मिति: २०७७/११/२१

### विषय: सूपथ मूल्य पसल संचालन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस कार्यालयलाई आ.व. २०७७।०७८ मा **स्थानीय तहको सहकार्यमा एक स्थानीय तह एक सूपथ मूल्य पसल** संचालन कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा एकवटा **सूपथ मूल्य पसल** संचालन गर्न बजेट प्राप्त हुन आएकोमा सम्बन्धित स्थानीय तह अन्तर्गत दर्ता भएका ईच्छुक सहकारी संस्थाहरुले आफूले लगानी गर्न सक्ने रकम समेत उल्लेख गरी तपसिल बमोजिमको कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र यस कार्यालयमा निवेदन दिनु हुन यो सूचना जारी गरिएको छ।

**प्राथमिकताका आधारहरु:**

१. सबैभन्दा दुर्गम तथा सबैलाई पायक पर्ने बजार ।
२. गरीब समुदायको वाहुल्यता भएको समुदायलाई प्राथमिकता दिएको हुनु पर्ने ।

**स्थानीय तहले गर्न सक्ने सहयोगहरु:**

१. सुपथ मूल्य पसल संचालनको लागि स्थानीय तहले इच्छुक सहकारी संस्थाको लागि स्थानको उपलब्ध गराउन सक्ने ।
२. सूपथ मूल्य पसल संचालन गर्न भौतिक पूर्वाधारको व्यवस्था गर्न सक्ने ।
२. आर्थिक सहयोग विउ पूँजीको रुपमा उपलब्ध गराउन सक्ने ।

**घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुलीबाट उपलब्ध हुने सहयोग:**

१. यस कार्यक्रम अन्तर्गत छनौट भएको सहकारी संस्था, स्थानीय तह र यस कार्यालय बीच त्रिपक्षीय सम्झौता गरी आ.व. २०७७।७८ मा यस कार्यालयबाट रु. ५,००,०००।- (अक्षेरुपी पाँच लाख रुपैयाँ मात्र)उपलब्ध गराइनेछ ।
२. उक्त रकम ३ (तीन) वर्ष पछि सम्झौता भएको सहकारीले फिर्ता गर्नु पर्नेछ र फिर्ता गरेको रकम स्थानीय तहमा आम्दानी बाँधी पुन: घुम्ती रुपमा संचालन गरिनेछ ।

- **निवेदन साथ संलग्न राख्नुपर्ने कागजातहरु:**

१. नवीकरण सहितको सहकारी दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
२. प्यान दर्ता प्रमाण पत्र
३. करचुक्ता प्रमाण पत्र
४. स्थानीय तहको सिफारिस र
५. अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन ।
६. स्थानीय तहले गर्न सक्ने सहयोगको बारेमा गरेको प्रतिवद्धता पत्र ।